# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

### २०७७/१२/२६

### सातौं अधिवेशन

### (सोह्रो वैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको सातौं अधिवेशनको सोह्रौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**ढ्यापढ्यापेमा माननीय कुलविर चौधरी**

माननीय सभामुखज्यू, अहिले बर्षभरीको हिउदे खेती गहुँ बाली किशानहरु आफ्नो घर भित्र भित्राउने समय हो र कञ्चनपुरको दक्षिणी भेगमा बेलौरी र पुनर्वास क्षेत्रमा उखुँ खेति बढी भएको कारणले गर्दा खेरी त्यसमा पनि पानी सिंचाइको लागि तेलको आवश्यकता पर्ने भएको र अहिले यो दिन प्रतिदिन तेलको मुल्यवृद्धि हुदै जाने भएकोले किशानहरु आफ्ना गहुँबाली थ्रेशिङ गर्नको लागि बजारबाट पेट्रोल अथवा डिजल खरिद गरेर ल्याउदा हामीलाई कुनै किसिमको पछि समस्या नहोस कुनै बेला तेलको सटेज हुन सक्छ र त्यो सटेजको बेलामा आफ्नै घरमा किनेर ल्याएका डिजल प्रयोग गरेर काममा बाधा नहोस भन्नका लागि किशानहरु बजारबाट डिजल किनेर ल्याउने बेला एउटा प्रहरी प्रशासनको ज्याजतिले गर्दा खेरी सर्वसाधारण किशानहरुलाई आफ्नो घरमा डिजल किनेर ल्याउदा खेरी पनि समात्ने, सताउने किसिमको कार्य भैराखेको हुनाले त्यस्तो कार्य नहोस भन्नका लागि म सभामुख मार्फत यो सदनलाई जानकारी गराउन चाहान्छु । हिजो मात्रै मेरो छिमेकी रामदास चौधरी भन्ने बेलौरी बजारबाट दुइ ड्राम तेल ल्याउने बेला झण्डै ४-५ किलोमिटरको दुरी पर्छ बेलौरी बजार र हाम्रो बस्ती बोडर नजिकैको बस्ती र जुन मान्छे जुन व्यक्ति तस्कर गरेर इण्डिया पार गर्छ तिनिहरुको सामुन्य खुला गए पनि केही वास्तै हुदैन र आफ्ना घर काजको लागि डिजल ल्याएर आउदा खेरि पनि त्यस्ता मान्छेलाई समात्ने हिजो थाना इन्चार्जलाई पनि खबर गर्दा खेरी यसरी यसरी समातिएको छ त्यसलाई छोडिदिनु पर्यो त्यो आफ्नो घर काजको लागि ल्याएको हो भनेर भन्दा खेरी बुझौला भन्दा भन्दै पनि स्वंय थाना इन्चार्ज आएर त्यो मान्छेलाई समातेर त्यसपछि चलान गर्ने अवस्थामा त्यो प्रहरीको जत्था ल्याएर त्यसलाई घेरेर लग्ने बेलामा त्यहाका गाउँलेहरु त्यसलाई घेरेर अगाडी बढ्न नदिएको कारणले गर्दा खेरी त्यो मान्छे चलान हुनबाट रोकिएको छ र आइन्दा यस्तो किसिमको गतिविधी पुलिस प्रशासनबाट नहोस भन्ने अनुरोध सभामुख मार्फत यो सदनलाई गराउन चाहान्छु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** लाई सभा समक्ष प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

**माननीय सदस्यहरु,**

अब म, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम संक्षिप्त वक्तव्य सहित **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश बातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि कुनै पनि माननीय सदस्यहरुले विरोधको सूचना दर्ता नगराई विधेयकलाई सभा समक्ष टेबुल गर्न मार्ग प्रसस्त गरिदिनु भएकोले सम्पूर्ण माननीय सदस्यज्यूलाई धन्यवाद प्रदान गर्न चाहान्छु । स्वस्थ र स्वच्छ बातावरणमा बाच्न पाउँने प्रत्येक नागरिकको मौलिक हकको संरक्षण गर्न, बातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षति बापत क्षतिपूर्ति उपलब्ध गराउन, बातावरण र विकास बीच समुचित सन्तुलन कायम गर्न, सम्पदाको संरक्षण गर्न तथा जलबायु परिवर्तनको चुनौतिलाई न्यूनीकरण र सामना गर्न बनेको सुदूरपश्चिम प्रदेश बातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्न वाञ्छनीय भएकोले प्रदेश सरकारले प्रस्तुत विधेयकलाई सचिवालयमा दर्ता गराएको व्यहोरा सभा समक्ष जानकारी गराउन चाहान्छु । माननीय सभामुखज्यूबाट विधेयक टेबुल गर्न अनुमति प्राप्त भएकोले प्रदेश सभा नियमावली, २०७४ को दफा १०६ को उपनियम २ बमोजिम सुदूरपश्चिम प्रदेश बातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभा समक्ष टेबुल गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** लाई सभा समक्ष प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

**माननीय सदस्यहरु,**

अब म, सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम संक्षिप्त वक्तव्य सहित **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको आर्थिक कार्यविधी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक माथि कुनै पनि माननीय सदस्यहरुले विरोधको सूचना दर्ता नगराई विधेयकलाई सभा समक्ष टेबुल गर्न मार्ग प्रसस्त गरिदिनु भएकोले सम्पूर्ण माननीय सदस्यज्यूहरुलाई धन्यवाद प्रदान गर्न चाहान्छु । सुदूरपश्चिम प्रदेशको आर्थिक कार्यविधी ऐन, २०७४ लाई संशोधन गर्न आवश्यक भएकोले प्रदेश सरकारले उक्त आवश्यकता महसुस गर्दै प्रस्तुत विधेयकलाई सचिवालयमा दर्ता गराएको व्यहोरा सभा समक्ष जानकारी गराउन चाहान्छु । माननीय सभामुखज्यूबाट विधेयक टेबुल गर्न अनुमति प्राप्त भएकोले प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम २ बमोजिम सुदूरपश्चिम प्रदेशको आर्थिक कार्यविधी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक सभा समक्ष टेबुल गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको आजको कारबाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७७ साल चैत्र २७ गते शुक्रबार दिउँसो १:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।